प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा

# २०८२
# वार्षिक प्रतिवेदन



नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति

मे ३

विश्व प्रेस
स्वतन्त्रता दिवस
२०२५

## सन् २०२४ मे ४ देखि २०२५ अप्रिल ३० सम्म नेपालमा प्रेस स्वतन्त्रताको अवस्था

# वार्षिक प्रतिवेदन २०८१

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति

© सर्वाधिकार

**नेपाल पत्रकार महासंघ**

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

फोन नं: +९७७-०१-५९१४७८५

इमेलः fnjnepalcentral@gmail.com

वेबसाइटः www.fnjnepal.org

डिजाइनः इफेक्ट, ०१-४५३३७०३

(वार्षिक प्रतिवेदनमा प्रकाशित सामग्री नेपाल पत्रकार महासंघको स्रोत खुलाएर प्रयोग गर्न प्रयोग गर्न सकिने छ ।)



## विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा

# अध्यक्ष निर्मला शर्माको शुभकामना

प्रत्येक वर्ष मे ३ को दिन विश्व प्रेस स्वतन्त्रता दिवस मनाइन्छ । सन् १९९१ मा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहोकमा भएको पत्रकार हरूको सम्मेलनले प्रेस स्वतन्त्रताको पक्षमा घोषणा-पत्र जारी गर्‍यो । योसँगै युनेस्कोले १९९३ देखि प्रत्येक वर्ष मे ३ मा विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने प्रस्तावलाई संयुक्त राष्ट्रसंघले अनुमोदन गरेपछि विश्वभरी यो दिवस मनाउन सुरू भएको हो ।

विश्व प्रेस स्वतन्त्रता दिवस विश्वभर नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारको सुरक्षाका विषयमा समीक्षा गरी मनाउने गरिन्छ । यसको मुख्य

उद्देश्य सरकार र सरोकारवाला पक्षलाई प्रेस स्वतन्त्रताको आवश्यकताका बारेमा बुझाउनुका साथै, पत्रकारको सुरक्षा तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्नु हो ।

शिक्षा, सञ्चार तथा संस्कृतिको क्षेत्रमा क्रियाशील संस्था युनेस्कोको अग्रसरतामा मनाइने विश्व प्रेस स्वतन्त्रता दिवसको यस वर्षको नारा 'नयाँ साहसिक प्रेस स्वतन्त्रता र मिडियामा कृत्रिम बुद्धिमत्ताको प्रभाव' Reporting in the Breave New world ,the impact of Artificial Intelligence on press freedom and the media रहेको छ ।

यो दिवसको अवसरमा नेपालमा पत्रकार महासंघलगायत प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा क्रियाशील संघसंस्थाहरूले विभिन्न कार्यक्रम गरी यो दिवस मनाउदै छन् । ७० वर्ष लामो इतिहास बोकेको महासंघ नेपालको पुरानो, अगुवा नागरिक संस्थाको रूपमा स्थापित छ ।

बदलिँदो समयसँगै नेपाली पत्रकारिता क्षेत्रमा पनि नयाँ चुनौतीहरू थपिदै गएका छन् । कतिपय विश्व राजनीतिक घटनाक्रमले प्रेस जगतमा चुनौती थपेको छ । विभिन्न समयमा हुने आन्दोलन र त्यसमाथि राज्यको व्यवहारका कारण नेपाली प्रेस जगतले निर्भयतापूवर्क आफ्नो काम गर्न सकेको छैन ।

वि.सं. २०८१ चैत १५ गते काठमाडौँ तीनकुनेमा भएको हिंसात्मक आन्दोलनमा पत्रकार सुरेश रजकको हत्या हुनुका साथै सन्चार माध्यममाथि आगजनी र आक्रमण हुनु खेदजनक घटना थियो । त्यस्तै शिक्षक आन्दोलनमा रिपोर्टिङ्गमा खटिएकी पत्रकार सविना कार्कीमाथि प्रहरीबाट भएको ज्यादती खेदजनक छ । यसैगरी धरानका पत्रकार गोपाल दाहालमाथि स्थानीय सरकारको प्रमुखबाटै भएको भौतिक आक्रमणको धम्की तथा मानसिक यातनाको घटनाका कारण विस्थापित हुनुपरेको घटना खेदजनक छ । म प्रेस माथि राज्यबाट भएका यस्ता घटनाको निन्दा गर्दै पत्रकारलाई काम

गर्ने सुरक्षित वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउँदछु ।

नेपाली अर्थतन्त्रमा देखिएको आर्थिक संकट, कृतिम बुद्धिमता (एआई)को विकाससँगै समग्र पत्रकारिता क्षेत्रमा नयाँ–नयाँ चुनौती देखिएका छन् । समयानुकूल पत्रकारको पारिश्रमिक वृद्धि नहुनु साथै, श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्ण पालना समेत नहुँदा पत्रकाहरू नियमित सेवा सुविधाबाट बञ्चित हुँदै आएका छन् ।

नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाइमा मे ४ सन् २०२४ देखि ३० अप्रिल २०२५ सम्म प्रेस स्वतन्त्रता हनन्का ७३ वटा घटना अभिलेख भएका छन् । गतवर्ष यही अवधिमा प्रेस स्वतन्त्रता हननका ६२ वटा घटना अभिलेख भएका थिए । यसरी हेर्दा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटनामा वृद्धि भएको छ ।

७३ वटा घटनामा १५१ पत्रकार र ५ वटा सञ्चार संस्था आक्रमणमा परेका थिए । यी  घटनामा पीडित पत्रकार तथा संचार संस्थाको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ । महासंघको सञ्चार अनुगमन इकाइमा अभिलेख भए अनुसार यो एक वर्षको अवधिमा २ जना पत्रकारको हत्या भएको छ । गिरफ्तारी २, कब्जा तथा अवरोध ९, पत्रकार दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका २० वटा घटना रहेका छन् ।

यस्तै, पेशागत असुरक्षाका १६ वटा घटना अभिलेख भएका छन् । पत्रकारमाथि धम्की, धरपकड तथा दुर्व्यवहारका अत्यन्त निन्दनीय घटना यस अवधिमा भएका छन् जसलाई लोकतन्त्र माथिकै प्रहार भएको महासंघ ठान्दछ । लामो सयमदेखि प्रतिक्षारत मिडिया काउन्सिल विधेयकले पूर्णता पाएको छैन ।

यसबीचमा सरकारले सूचनाप्रविधि विधेयक, सामाजिक सञ्जाल व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विधेयक ल्याउने तयारी गरिरहेको

छ । महासंघले विगतदेखि नै सञ्चार सम्बन्धी कानूनलाई व्यवस्थित गर्न र संविधानको मर्म अनुसार कानून निर्माण गर्न सरकारलाई खबरदारी गर्दै आएको सर्वविदितै छ ।

स्थापनाकालदेखि नै मानव अधिकारको रक्षा, सहि सूचना पाउने नागरिकको अधिकारको संरक्षण लगायतका सार्वजनिक सरोकारका विषयमा समेत महासंघले बहस गर्दै आएको छ । अझ पछिल्लो समयमा सूचना प्रविधिको विकासका कारण व्यवसायिक सञ्चार माध्यमका सामग्री र सामाजिक सञ्जाल मार्फत व्यक्तिले व्यक्त गरेका विचारहरू नछुटिने बिडम्बनापूर्ण चुनौती हामी सामु छ ।

लोकतन्त्रसँग पत्रकार र पत्रकारिता अभिन्न रूपले जोडिएको हुन्छ । यसर्थ हामीले कतिपय अवस्थामा व्यवसायिक जिम्मेवारी भन्दा बाहिर सार्वजनिक सरोकारका विषयमा पनि आफना अभिमत जाहेर गर्दै आएका छौ । संविधानको पूर्ण कार्यान्वयन, पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, पत्रकारिताको संस्थागत विकास र समृद्धिका लागि आफ्ना नितिहरू केन्द्रीत गरेका छौ ।

यो अवसरमा म महासंघ श्रमजीवी पत्रकार ऐन बमोजिमको सेवा, शर्त र सुविधाका पक्षमा अविचलित रूपमा उभिने जानकारी गराउन चाहन्छु । यस्तै यो ऐनलाई समयानुकुल परिमार्जन गर्न पहल गरिने र महंगी र मुद्रास्फीतिलाई ध्यानमा राखेर श्रमजीवी पत्रकारको न्युनतम पारिश्रमिकको अंक समय समयमा परिमार्जन गर्न दबाब दिइने ब्यहोरा अनुरोध गर्दछु ।

महासंघले लोकतन्त्र, मानवअधिकार, स्वतन्त्र न्यायापालिका र जवाफदेही शासन प्रणालीका पक्षमा बलियो अभिमत राख्नुका साथै निमार्णाधिन आमसञ्चार कानूनमा महासंघको राय सुझाव र खवरदारी व्यक्त हुँदै आएको छ ।

पछिल्लो केही वर्षयता सामाजिक सञ्जालको माध्यमबाट मिथ्या सूचना फैलिदा त्यसको अपजस सञ्चारमाध्यमले भोग्नु परिरहेको छ । मिथ्या सूचनाबाट सर्वसाधारणमा पर्नसक्ने असरप्रति सजक रहदै पत्रकारको क्षमता अभिवृद्धि सहित भौतिक सुरक्षाप्रति सरोकारवाला निकायको ऐक्यवद्धता आवश्यक रहेको छ ।

यस अवसरमा म सञ्चार माध्यम नियमनको बहानामा विचार र अभिव्यक्ति स्वतन्त्रता माथि हुने कुनैपनि किसिमको हस्तक्षेपका विरूद्ध महासंघ बलियो रूपमा प्रस्तुत हुने प्रतिबद्धता पुनः व्यक्त गर्दछु । साथै, पत्रकारमाथि हुने दुव्यवहार, आक्रमणका घट्नामा हुने गरेको दण्डहीनता अन्त्यगरी प्रेसमैत्री वातावरण निर्माण गर्न सरकार र सरोकारवाला पक्षसंग माग गर्दछु ।

विश्व प्रेस स्वतन्त्रता दिवसका अवसमार सम्पूर्ण पत्रकार, सञ्चारकर्मी लगायत प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । ■



२२ वैशाख २०८१ देखि
१७ वैशाख २०८२ सम्म

# प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरूको विश्लेषण



बदलिंदो समयसंगै नेपाली पत्रकारिता क्षेत्रमा पनि नयाँ चुनौतिहरू थपिदै गएका छन् । विश्व राजनीतिक घटनाक्रम र नेपालमा पनि विभिन्न पक्षको आन्दोलनका कारण नेपाली प्रेसले असुरक्षाको सामना गरिरहनुपऱ्यो । २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक आन्दोलनमा पत्रकार सुरेश रजकको हत्या र सञ्चारमाध्यममाथि भएको आगजनी जस्ता प्रेस स्वतन्त्रता उल्लङ्घनका धेरै घटना भए ।

त्यसैगरी २०८१ कात्तिक २६ गते राष्ट्रिय दलित पत्रकार संघ, कैलालीका सहसचिव तथा सुदूरपाटी डटकममा कार्यरत पत्रकार सुरेश भुलको निर्मम कुटपिटबाट हत्या भएको छ ।

ईन्टरनेटको विकाससंगै शुरू भएको डिटिल पत्रकारिता आजको मुख्य चुनौति र अवसरका विच संघर्षरत छ । नेपाली अर्थतन्त्रमा देखिएको आर्थिक संकट, कृतिम बुद्धिमता (एआई) को विकाससँगै समग्र पत्रकारिता क्षेत्रमा नयाँ नयाँ चुनौती देखिएका छन् । समयानुकूल पत्रकारको पारिश्रमिक वृद्धि नहुनु साथै, श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्ण पालना समेत नहुँदा पत्रकाहरू नियमित सेवा सुविधाबाट बञ्चित हुदै आएका छन् ।

नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाईमा मे ४ सन् २०२४ देखि ३० अप्रिल २०२५ सम्म प्रेस स्वतन्त्रता हननका ७३ वटा घटना अभिलेख भएका छन् । गतवर्ष यही अवधिमा प्रेस स्वतन्त्रता हननका ६२ वटा र मे ४ सन् २०२२ देखि २०२३ को अवधिमा ५५ वटा घटना अभिलेख भएका थिए । समग्रमा हेर्दा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटनामा वृद्धि भएको देखिन्छ ।

७३ वटा घटनामा पत्रकार तथा सञ्चारसंस्था माथि तोडफोट र आक्रमण भएका छन् । घटनामा पीडित पत्रकार तथा संचारसंस्थाको विवरण अनुसूचीमार्फत प्रस्तुत गरिएको छ । महासंघको सञ्चार अनुगमन इकाइमा अभिलेख भएअनुसार यो एक वर्षको अवधिमा २ जना पत्रकारको हत्या भएको छ । गिरफ्तारी २, कब्जा तथा अवरोध ९, पत्रकार दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका २० वटा घटना रहेका छन् । यस्तै, पेशागत असुरक्षाका १६ वटा घटना अभिलेख भएका छन् ।

समाचार संकलनमा पुगेका पत्रकारलाई कानून निर्माण गर्ने संसदभवन र त्यसका उपसमितिहरूमा निषेध गर्ने जस्ता घटना पनि भएका छन् ।

समाचार लेखेकै कारण कानूनको पालक साथै, राज्यको नेतृत्व तहमा रहेका जनताको प्रतिनिधिबाट पनि समाचार सम्प्रेषण अवरोध गर्ने, पत्रकारमाथि धम्की, धरपकड तथा दुर्व्यवहारका अत्यन्त निन्दनीय घटना यस अवधिमा भएका छन् जसलाई लोकतन्त्रमाथिकै प्रहार भएको महासंघ ठान्दछ ।

यसबीचमा सरकारले सूचना प्रविधि विधेयक, प्रेस काउन्सिल विधेयक, सामाजिक सञ्जाल व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विधेयक ल्याउने तयारी गरिरहेको छ । महासंघले विगतदेखि नै सञ्चारसम्बन्धी कानूनलाई व्यवस्थित गर्न र संविधानको मर्मअनुसार कानून निर्माण गर्न सरकारलाई आग्रह गर्दै आएको सर्वविदितै छ ।

## नेपालमा प्रेस स्वतन्त्रता हननका घटनाको अभिलेखिकरणको व्यवस्था

२०५६ सालदेखि नेपाल पत्रकार महासंघले नेपालमा हुने प्रेस स्वतन्त्रता हननका घटनाहरूको निरन्तर अनुगमन तथा अभिलेखिकरण गर्दै आइरहेको छ । यसका लागि महासंघले प्रेस स्वतन्त्रता अनुगमन इकाई खडा गरी निरन्तर अनुगमन गर्ने र घटनाको प्रकृति अनुसारको पहलकदमी लिने गरेको छ । महासंघले प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेखिकरणका लागि अनलाइन डाटाबेस तयार गरी सबै घटनाहरूलाई रेकर्ड गर्ने गरेको छ । डाटाबेस महासंघको वेबसाइटमा सबैले सजिलै हेर्न सकिने गरि राखिएको छ ।

उक्त डाटाबेसमा महासंघमा जानकारी हुन आएका सम्पूर्ण घटनाहरूलाई रेकर्ड गरी ती घटनाले प्रेस स्वतन्त्रतामाथि आँच पुऱ्याउन सक्ने खालका हुन् वा पत्रकारमाथि भए पनि प्रेस स्वतन्त्रतासँग असम्बन्धित वा अन्य कुनै अवस्थामा भएका हुन् भनि समिक्षा गरी छुट्टा छुट्टै रेकर्ड गर्ने व्यवस्था गरिएको छ ।

यसका साथै महासंघले विसं. २०७१ मा प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी साझा मानदण्ड तयार गरेको थियो । त्यस मानदण्डमा प्रेस स्वतन्त्रता हननका घटनाहरूलाई वर्गीकरण गरी व्यवस्थित रूपमा अभिलेखिकरण गर्ने व्यवस्था गरिएको थियो । महासंघले विभिन्न सरोकारवाला पक्षहरूसँगको परामर्श र सहकार्यमा उक्त मानदण्डमा २०७३ मा संशोधन गरी सोही अनुसार अभिलेखिकरण गर्ने व्यवस्था गरेको छ । पत्रकारले पत्रकारिता बाहेक अन्य कार्य गर्दा हुने आक्रमणलाई अनुगमन प्रणालीमा राखिदैन । साथै, आम व्यक्तिका अभिव्यक्ति स्वतन्त्रतासँग सम्वन्धित विषयलाई पनि महासंघको प्रेस स्वतन्त्रता अनुगमनमा समेटेको छैनन ।

नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा रहेको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा वर्षभरी अभिलेख गरिएका घटनाहरूलाई आधार मानी महासंघले प्रत्येक वर्ष प्रेस स्वतन्त्रताको अवस्था वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको छ । प्रत्येक वर्ष विश्व प्रेस स्वतन्त्रता दिवस मे ३, का अवसरमा सो प्रतिवेदन सार्वजनिक गर्ने गरिएको छ । उक्त प्रतिवेदनका लागि घटनाहरूको अभिलेखिकरण र विश्लेषण गर्दा अघिल्लो वर्षको मे ४ तारिखदेखि यस वर्षको अप्रिल २७ तारिखसम्मका घटनाहरूलाई लिने गरिएको छ । रिपोर्ट तयारीका लागि आवश्यक समयका कारण यस वर्ष वैशाख १४ गते अर्थात अप्रिल ३० तारिक सम्मका घटनाहरूलाई मात्र समावेश गरेको छ ।


१. घटना प्रकृतिका आधारमा प्रेस स्वतन्त्रता हननका घटना ।

| **घटना प्रकृति** | **घटना संख्या** |
|---|---|
| हत्या | **२** |
| बेपत्ता | - |
| गिरफ्तारी | **२** |

| | |
|---|---|
| कब्जा /अवरोध | **९** |
| आक्रमण | **२०** |
| दुर्व्यवहार/ धम्की | **२४** |
| विस्थापन | - |
| पेशागत असुरक्षा | **१६** |
| लैङ्गिक हिंसा | - |
| नीतिगत बन्देज | - |
| जम्मा घटना | **७३** |

*स्रोत, नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाई, २०८२ वैशखा १७ ।*

नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाइमा अभिलेख भएका प्रेस स्वतन्त्रता हननका घटनमा सबैभन्दा धेरै पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका २४ वटा घटना रहेका छन् । आक्रमणका २० वटा र पेशागत असुरक्षाका १६ वटा घटना अभिलेख भएका छन् । त्यसैगरी पत्रकार हत्या २ र गिरफ्तारीका २ वटा घटना रहेका छन् ।



नेपाल पत्रकार महासंघले प्रदेशका आधारमा अभिलेख गरेको प्रेस स्वतन्त्रता हननका घटना निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| घटना प्रकृति | कोशी प्रदेश | मधेश प्रदेश | वामती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सु.पश्चिम प्रदेश | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| हत्या | | | १ | | | | १ | | २ |
| बेपत्ता | | | | | | | | | - |
| गिरफ्तारी | | १ | १ | | | | | | २ |
| कब्जा/अवरोध | | १ | ४ | | १ | २ | १ | | ९ |
| आक्रमण | २ | ४ | ९ | २ | | १ | २ | | २० |
| दुर्व्यवहार/धम्की | ४ | ६ | ७ | २ | १ | १ | २ | १ | २४ |
| पेशागत असुरक्षा | | | १६ | | | | | | १६ |
| लैङ्गिक हिंसा | | | | | | | | | - |
| नीतिगत बन्देज | | | | | | | | | - |
| **जम्मा घटना** | **६** | **१२** | **३८** | **४** | **२** | **४** | **६** | **१** | **७३** |

*स्रोतः नेपाल पत्रकार महासंघ, सञ्चार अनुगमन इकाई । २०८२ वैशाख १७ ।*


प्रेस स्वतन्त्रता हननका सबैभन्दा धेरै ३८ वटा घटना बागमती प्रदेशमा भएका छन् । मधेश प्रदेशमा १२, कोशी प्रदेशमा ६ र गण्डकी प्रदेशमा ४ वटा घटना भएका छन् । त्यसैगरी लुम्बिनी प्रदेशमा २, कर्णाली प्रदेशमा ४ र सुदुरपश्चिम प्रदेशमा ६ वटा घटना भएका छन् भने प्रवासमा १ घटना अभिलेख भएका छन् ।

प्रेस स्वतन्त्रता हननका ७३ वटा घटनामा १५१ जना पत्रकार तथा सञ्चारकर्मी र ५ सञ्चार संस्था पीडित भएका छन् ।

| | कोशी प्रदेश | | | मधेश प्रदेश | | | बागमती प्रदेश | | | गण्डकी प्रदेश | | | लुम्बिनी प्रदेश | | | कर्णाली प्रदेश | | | सुदूरपश्चिम प्रदेश | | | प्रवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घटना प्रकृति | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | पु | म | सं | | |
| हत्या | | | | | | | १ | | | | | | | | | | | | १ | | | | २ |
| वेपत्ता | | | | | | | | | | | | | | | | | | | | | | | - |
| गिरफ्तारी | | | | १ | | | १ | | | | | | | | | | | | | | | | २ |
| कब्जा/अवरोध | | | | | | १ | १२ | ४ | १ | | | | १ | | | २ | | | | | १ | | २२ |
| दुर्व्यवहार/धम्की | ३ | १ | | ८ | | | ८ | २ | | २ | | | १ | | | १ | | | १ | १ | | १ | २९ |
| आक्रमण | ३ | | | ६ | | | ७ | १ | २ | ३ | २ | | | | | १ | | | २ | | | | २श७ |
| पेशागत असुरक्षा | | | | | | | ५३ | २१ | | | | | | | | | | | | | | | ७४ |
| लैङ्गिक हिंसा | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा घटना | ६ | १ | | १५ | | १ | ८२ | २८ | ३ | ५ | २ | | २ | | | ४ | | | ४ | १ | १ | १ | १५६ |

*स्रोत : नेपाल पत्रकार महासंघ, सञ्चार अनुगम इकाई, २०८२ वैशाख १७ ।*

पुरूष =११९ , महिला =३२, संस्था = ५


कर्णाली प्रदेश ४
सुदूरपश्चिम ६
लुम्बिनी प्रदेश २
कोशी प्रदेश ६
प्रवास १
गण्डकी प्रदेश ४
मधेश प्रदेश १२
प्रदेश आधारमा
प्रेस स्वतन्त्रता
हननको अवस्था
वागमती प्रदेश ३८

# अनुसूची १

## धम्की /दुर्व्यवहार

**२०८२ वैशाख १३ गते**: *खबरहबडटकम*का पत्रकार सुमित मिश्रलाई जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक (एसपी) भुवनेश्वर तिवारीले फोनबाट धम्की दिएका छन् । महासंघ मधेश प्रदेश समितिका अनुसार उक्त अनलाइनमा २०८२ वैशाख १२ गते शुक्रबार 'भाटभटेनी लुटपाटमा पक्राउ परेका थिए कांग्रेस सहमहामन्त्री यादव पुत्र' शीर्षकमा समाचार प्रकाशित भएको थियो । सोही समाचारलाई लिएर पत्रकार मिश्रलाई एसपी तिवारीले फोन गरेर 'तत्काल जिल्ला प्रहरी कार्यालयमा हाजिर हुनुस्, माफी माग्नुस्, समाचार हटाउनुस्, नभए मुद्दा दर्ता गरी पक्राउ गरेर कारबाही गर्छौं' भनी धम्की दिएको महासंघ मधेश प्रदेश समितिले जनाएको छ ।

**२०८२ वैशाख ९ गते**: राष्ट्रिय समाचार समितिका पत्रकार पूर्णप्रसाद मिश्रलाई समाचार संकलनका क्रममा निर्माण व्यवसायी संघको प्रतिनिधि बताउने एक व्यक्तिले दुर्व्यवहार गरेका छन् । काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-४ स्थित कोलमोतेश्वमा निर्माणाधीन सार्वजनिक सडकको तस्वीर खिचेपछि महासंघ रासस प्रतिष्ठान शाखाका सदस्यसमेत रहेका मिश्रलाई ती व्यक्तिले धम्क्याउँदै खिचेको सामग्री हटाउन दबाब दिएको शाखाले जनाएको छ ।

**२०८२ वैशाख ५**: समाचारको विषयमा फोनमा कुरा गर्दा *मिसन टुडे* दैनिकका पत्रकार शुभाकर विश्वकर्मालाई बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले अपशब्द प्रयोग गरी गालीगलौज गर्नुका साथै दुर्व्यवहार गरेका छन् । वैशाख ५ गते शुक्रबार नागरिकता



नपाएका एक जना व्यक्तिका बारेमा बुझ्न खोज्दा जोशीले 'नागरिकताका लागि फोन गर्नेलाई म दलाल नै सम्झिन्छु' भन्ने आपत्तिजनक शब्द प्रयोग गरेको महासंघ बाँके शाखाले जनाएको छ । बांकेका प्रहरी प्रमुख उपरीक्षक (एसपी) तुलबहादुर कार्कीले समेत पत्रकार विश्वकर्मालाई फोन गरेर उक्त विषयमा केरकार गरेको शाखाले जनाएको छ ।

**२०८१ चैत १२ गते**: स्याङ्जाको स्थानीय प्रशासनले *आँधीखोला एक्सप्रेस डटकम*का पत्रकार रोशन लामिछानेमाथि कारबाही प्रक्रिया दर्ता गरेको छ । उक्त अनलाइनमा उद्योग वाणिज्य संघले आयोजना गरेको सातौं स्याङ्जा महोत्वसवका बारेमा प्रकाशित समाचारलाई लिएर पत्रकार लामिछाने विरूद्ध उजुरी दर्ता भएको भन्दै जिल्ला प्रशासन कार्यालयले कारबाहीका लागि




प्रहरी कार्यालयलाई पत्राचार गरेको महासंघ गण्डकी प्रदेश समितिले जनाएको छ ।

**२०८१ चैत ५ गते**: पत्रकार मिलन विकलाई नेपाल लाइफ इन्स्योरेन्स मन्थलीकी अभिकर्ता कमला बस्नेत (कार्की) ले फोनबाट भौतिक कारबाहीको धम्की दिएकी छिन् । चैत्र २ गते शनिबार *रामेछाप टाइम्स डटकम*मा भिडियोसहित उक्त इन्स्योरेन्सका बारेमा प्रसारण भएको समाचार सामग्रीलाई लिएर अभिकर्ता बस्नेतले महासंघ रामेछाप शाखाका कार्यसमिति सदस्य पत्रकार विकलाई अपमानपूर्वक व्यवहार गर्दै भौतिक कारबाहीको धम्की दिएकी महासंघ रामेछाप शाखाले जनाएको छ ।

**२०८१ फागुन २५ गते**: समाचार संकलनका क्रममा दिनेश एफएम र

*दिनेश खबर डटकम*मा आवद्ध पत्रकार आर्जु हमाललाई प्रहरीले दुर्व्यवहार गरेको छ । आइतबार धनगढी उपमहानगरपालिका-८ मा नवनिर्मित सिटीहलको उद्‌घाटन समारोहको समाचार संकलनका क्रममा पत्रकार हमालमाथि प्रहरी अधिकृतहरूले दुर्व्यवहार गरेको महासंघ कैलाली शाखाले जनाएको छ ।

**२०८१ फागुन १२ गते**: समाचारको विषयलाई लिएर *क्योउदाईन्यूज*का प्रधानसम्पादक दीपक गौतमलाई केबीएल इन्टरनेसनल कम्पनीका अध्यक्ष कुमार कार्कीले धम्की दिएका थिए । महासंघ जापान शाखाका अनुसार उक्त कम्पनीले नक्कली सिओइ बनाइ नेपालबाट जापान मान्छे पठाउने गरेको विषयमा *क्योउदाईन्यूज*मा समाचार प्रकाशित भएको थियो । सोही निहुँमा कम्पनीका अध्यक्ष कार्कीले महासंघ जापान शाखाका सल्लाहकारसमेत रहेका गौतमलाई सामाजिक सञ्जालमार्फत गालीगलौज र भौतिक कारबाहीको धम्की दिँदै भ्वाइस मेजेस पठाएको शाखाले जनाएको छ ।

**२०८१ फागुन ५ गते**: प्रकाशित समाचारलाई लिएर *पश्चिम टुडे दैनिक* र *पश्चिम टुडे अनलाइन*का सम्पादक दीर्घराज उपाध्यायलाई सामाजिक सञ्जालको माध्यमबाट धम्क्याउनुका साथै मानसिक यातना समेत दिइएको छ । 'धनगढीको उज्यालो : भ्रम र वास्तविकता' शीर्षकको लेख र 'मेयरले हाम्रो घाटी निमोठे: विस्थापितहरू भन्छन्, 'बाँच्न गाह्रो भयो, विष खान पनि पैसा छैन' शीर्षक समाचार तथा फागुन ६ गते 'धनगढीको उज्यालो: भ्रम र वास्तविकता भाग २ शीर्षकमा लेख प्रकाशित भएको थियो । सोही लेख र समाचारको विषयलाई लिएर सामाजिक सञ्जाल फेसबुकमा 'फेक आइडी' बनाइ उक्त आइडीबाट सम्पादक उपाध्यायलाई धम्क्याउने, परिवारका बारे अनावश्यक कुरा लेखेर मानसिक तनाव दिनेजस्ता कार्य भएको महासंघ कैलाली शाखाले जनाएको छ ।

**२०८१ माघ १६ गते**: समाचार प्रकाशन भएको विषयलाई लिएर नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सदस्य दिनेश पराजुली विरूद्ध प्रहरी कार्यालयमा अभद्र व्यवहारको कसुरमा उजुरी दर्ता गरिएको छ । आफ्नो विषयमा समाचार लेखेको भन्दै जनमत पार्टीका एक नेताले पत्रकार पराजुली विरूद्ध सप्तरीस्थित कंचनपुर इलाका प्रहरी कार्यालयमा अभद्र व्यवहारको उजुरी दिएको महासंघ सप्तरी शाखाले जनाएको छ ।

**२०८१ माघ ९ गते**: नेपाल पत्रकार महासंघको राष्ट्रिय परिषद् सदस्य तथा *हिमालखबर डटकम*का संवाददाता गोपाल दाहाललाई समाचारको विषयलाई लिएर धम्की दिइएको छ । *हिमालखबर*मा ए.एम.एस म्युजिक एन्ड इन्टरटेन्मेन्ट प्रालिको विषयमा प्रकाशित समाचारलाई लिएर कम्पनीका अध्यक्ष सत्यकला तामाङ लामाले पत्रकार दाहाललाई टेलिफोनबाट गालीगलौज गर्दै भौतिक आक्रमण गर्ने धम्की दिएको हिमाल मिडिया प्रतिष्ठान शाखाले जनाएको छ ।

**२०८१ पुस २० गते**: नेपाल पत्रकार महासंघ पर्सा शाखाका सदस्य एवं *सिधाकुरा डटकम*का पत्रकार जियालाल साहलाई लक्षित गर्दै सामाजिक सञ्जालमार्फत् धम्की दिइएको छ । महासंघ मधेश प्रदेश समितिका अनुसार पर्साको सखुवाप्रसौनीमा आयोजित एक कार्यक्रममा विवादास्पद पृष्ठभूमिका व्यक्तिलाई पार्टीमा प्रवेश गराएको विषयमा सो अनलाइनमा २०८१ पुस १४ गते आइतबार समाचार प्रकाशन भएको थियो । सोही समाचारको विषयलाई लिएर पत्रकार साहको फोटो नै राखेर केही व्यक्तिहरूले सामाजिक सञ्जालमा धम्कीपूर्ण र बदनाम गराउने स्ट्याटस लेखेको प्रदेश समितिले जनाइएको छ ।

**२०८१ साल मङ्सिर १९ गते**: नेपाल पत्रकार महासंघका सुनसरीका अध्यक्ष जनकऋषि राई र महासंघका राष्ट्रिय परिषद् सदस्य

गोपाल दाहाललाई समाचारको विषयलाई लिएर सुनसरीस्थित धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ (हर्कराज राई) ले सामाजिक सञ्जाल फेसबुकमार्फत् स्ट्याटस लेखर धम्की दिएको छन् । *खोज पत्रकारिता केन्द्र (*खोपके) मा पत्रकार गोपाल दाहालले हर्क साम्पाङको बारे लेखेको समाचार प्रकाशित भएपछि प्रमुख साम्पाङले समाजिक सञ्जालमा 'खोज पत्रकारिता केन्द्रका गोपाल दाहाल या कोही प्रतिनिधि भोलि १० बजे धरान १८ को ग्रीन टीमा हाजिर हुनु । अन्यथा तेरो खोज पत्रकारिताको अन्त्य गरिनछु भने मेरो नाम हर्क साम्पाङ होइन ।' भनेर सामाजिक सञ्जालमा धम्कीपूर्ण स्ट्याटस लेखेका थिए । महासंघले यस घटनाको स्थलगत छानबिनका लागि मिनसन टोली खटाएको थियो । मिसनले टोलीले तयार पारेको प्रतिवेदनमा दोषी देखिएकामाथि कारबाहीका लागि महासंघले सरकारसँग माग गरेको छ ।

**२०८१ मंसिर ७ गते**: नेपाल पत्रकार महासंघको एसोसिएट प्रदेश समितिका महासचिव तथा केटिएम भ्वाइसका सम्पादक रोयल आचार्यलाई प्रकाशित समाचारको विषयलाई लिएर विभिषा पोखरेलले धम्की दिएकी छिन । पैसा खाएर विद्यार्थी पास गराएको विषयमा त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार विभागका प्रमुखविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको उजुरीको प्रमाणसहित *केटीएम भ्वाइस*मा समाचार प्रकाशन भएको थियो । सोही समाचार प्रकाशन पछि सम्पादक आचार्यलाई विभिषा पोखरेलले फोन गरेर धम्क्याएकी थिइन् ।

**२०८१ भदौं ५ गते**: नेपाल पत्रकार महासंघ सिराहा शाखाका सदस्य मुकेश यादव (स्वामी) लाई समाचारको विषयलाई लिएर सिरहास्थित धनगढीमाई नगरपालिकाका प्रमुख शिवशंकर महतोले गालीगलौज गर्दै दुर्व्यवहार गरेको छ । *सुप्रिम खबर* अनलाइन, न्यूज कारखाना

र प्राइम टेलिभिजनमा २०८१ साउन २३ गते संप्रेषित समाचारलाई लिएर पत्रकार यादवलाई नगरपालिका प्रमुख महतोले समाचार मेटाउन दबाब दिँदै 'त दुई कौडीको पत्रकार समाचारको तथ्य प्रमाणित गर्न नसके जे पनि हुनसक्छ भनी धम्कीपूर्ण भाषा प्रयोग गर्दै गालीगलौज गरेको महासंघ सिरहा शाखाले जनाएको छ ।

**२०८१ साउन २६ गते**: समाचारको विषयलाई लिएर *नेपाल ग्राउण्ड जिरो डटकम* अनलाइनमा कार्यरत पत्रकार सुभक महतोलाई अज्ञात व्यक्तिले ह्वाट्सप नम्बरबाट फोन गरी स्तरहीन गालीगलौज गर्दै ज्यान मार्ने धम्की दिएको छ । पत्रकार महतोका अनुसार ६७८५२३-६५६९ नम्बरको ह्वाट्सपबाट फोन गरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र नेपाल नागरिक उड्डयन प्राधिकरणका बारेमा समाचार नलेख्न दबाब दिँदै स्तरहीन गालीगलौज गरेको जानकारी दिए ।

**२०८१ साउन २२ गते**: सप्तरीको राजगढ गाउँपालिकामा विभिन्न माग राखी स्थानीय बासिन्दा र उक्त पालिकाका बहुमत जनप्रतिनिधिले गरिरहेका चरणवद्ध आन्दोलनको समाचार संकलनका क्रममा पत्रकारमाथि पालिका अध्यक्ष ओमप्रकाश मण्डलले गरेको दुर्व्यवहार गरेका छन् । महासंघ सप्तरी शाखाका अनुसार उक्त दिन मंगलबार समाचार संकलनका लागि उक्त गाउँपालिका पुगेका महासंघ सप्तरीका सचिव एवं *कान्तिपुर* टेलिभिजनका सम्वाददाता रामनारायण विश्वास, कोषाध्यक्ष नवीनकुमार गुप्ता, सदस्य विद्यानन्द रामलगायतलाई पालिका अध्यक्ष मण्डलको प्रत्यक्ष संलग्नतामा दुर्व्यवहार गरिनुका साथै समाचार संकलनमा अवरोध गरिएको थियो ।

**२०८१ साउन १८ गते**: *कर्णाली आवाज डटकम*का प्रमुख समाचारदाता मोहन सिंहलाई समाचार संकलनका क्रममा स्वास्थ्य सेवा कार्यालय जाजरकोटमा कार्यरत नर्स गंगा रेग्मीले गालीगलौज गर्दै हातपातको

प्रयास गरेकी छिन् । महासंघ जाजरकोट शाखाका अनुसार उक्त दिन स्वास्थ्य सेवा कार्यालय जाजरकोटका सेवाग्राहीको गुनासो सुनेर समाचार संकलनका क्रममा अस्पताल पुगेर फोटो खिचिरहेको अवस्थामा पत्रकार सिंहलाई नर्स रेग्मीले गालीगलौज गर्दै हातपातको प्रयास गरेकी थिइन । सो क्रममा जिल्ला प्रहरी कार्यालय बोलाएर प्रहरीले समेत पत्रकार सिंहको क्यामेरा नियन्त्रणमा लिइ फोटो मेटाएको शाखाले जनाएको छ ।

**२०८१ साउन १५ गते**: महोत्तरीबाट सञ्चालित *राजधानी टुडे* अनलाइनमा कार्यरत महोत्तरीका पत्रकार राजेश सिंहलाई समाचार संकलनका क्रममा राष्ट्रिय सहकारी बोर्डकी कर्मचारी कान्ति पाण्डेले दुर्व्यवहार गरेकी छिन् । महासंघ महोत्तरी शाखाका अनुसार साउन १५ गते मंगलबार स्थानीयको अनुरोधमा गाई गौशालामा भएको बेथितिको बारेमा समाचार संकलनका लागि पत्रकार सिंह महोत्तरीको निगौल गाई गौशाला कार्यालय पुगेका थिए । सोही क्रममा पत्रकार सिंहलाई कार्यालयको सभाकक्षभित्रै निज पाण्डेले भिडियो किन खिचेको भन्दै मोबाइल खोसेर गालीगलौज गर्दै दुर्व्यवहार गर्नुका साथै घटना स्थलमा रहेका प्रहरीले समेत पत्रकार सिंहलाई हप्काएको थियो ।

**२०८१ साउन १४ गते** नेपाल पत्रकार महासंघ कास्की शाखा सदस्य एवं *अनलाइन खबर डटकम*का गण्डकी ब्यूरो प्रमुख अमृत सुवेदीलाई लक्षित गर्दै गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री राजीव गुरूङले सार्वजनिक रूपमा धम्की दिएका छन् । महासंघ कास्की शाखाका अनुसार मन्त्री गुरूङ आफ्नै कार्यकक्षमा गञ्जी लगाएर बसेको फोटो साउन ११ गते शुक्रबार पत्रकार सुवेदीले सार्वजनिक गरिदिएका थिए । सोही निहुँमा मन्त्री गुरूङले पत्रकार सुवेदीलाई सार्वजनिक रूपमा कुट्नुपर्ने धम्की दिएका थिए ।

**२०८१ साउन ८ गते**: *जनआस्था* साप्ताहिकका प्रधानसम्पादक एवं प्रेस

काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठलाई नेकपा विप्लवको विद्यार्थी संगठनको सचिवालय सचिव बताउने कपिल सी भन्ने व्यक्तिले मोबाइलबाट फोन गरी अश्लील गालीगलौज गर्दै भौतिक कारबाहीको धम्की दिएका थिए । साउन ८ गते मंगलबार बिहान १०:०० बजेदेखि मोबाइल नम्बरबाट फोन गरी निज व्यक्तिले अत्यन्त स्तरहीन शब्द प्रयोग गरी प्रधानसम्पादक श्रेष्ठलाई धम्कीपूर्ण शैलीमा गालीगलौज गर्दै ज्यान मार्ने धम्की दिएको श्रेष्ठले महासंघलाई जानकारी गराउनु भएको छ । धम्कीका क्रममा निज व्यक्तिले 'प्रधानसम्पादक श्रेष्ठ र उहाँकी श्रीमतीलाई जहाँ भेटे त्यही मारिदिने' बम हानेर घर उडाइदिने' जस्ता धम्की दिएका थिए ।

**२०८१ असार २१ गते**: *पूर्वेली न्यूज डटकम*मा कार्यरत पत्रकार संजिता धमलालाई सुनसरीस्थित धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज साम्पाङ राईले दुर्व्यवहार गरेका थिए । साम्पाङले आफ्नै कार्यकक्षमा बोलाएर छलफलका क्रममा अपमानित ढंगबाट दुर्व्यवहार गर्दै नगर प्रहरी र नेपाल प्रहरी लगाएर कार्यकक्षाबाट बाहिर निकालिदिएका थिए । सार्वजनिक सुनुवाइ कार्यक्रममा धरान उपमहानगरपालिकाका प्रमुख साम्पाङ र पत्रकार धमलाबीच विवाद भएको थियो ।

**२०८१ जेठ १३ गते** *सुत्र न्यूज डटकम*मा कार्यरत पत्रकार केशव खड्कालाई अनलाइनमा प्रकाशित समाचारको विषयलाई लिएर चलचित्र फर्की फर्कीका निर्माताले गालीगलौज गर्दै दुर्व्यवहार गरेका थिए । उक्त अनलाइनमा चलचित्र फर्की फर्कीको समीक्षा प्रकाशन भएको थियो । सोही विषयलाई लिएर चलचित्रका निर्माताले पत्रकार खड्कालाई गालीगलौज गरिएको पीडित पत्रकार खड्काले बताए ।

**२०८१ जेठ १ गते** समाचार संकलनका क्रममा मकवानपुरमा सञ्चारकर्मीद्वय छवि अनित्य र मञ्जु मैनालीमाथि भएको दुर्व्यवहार भएको छ । उक्त दिन हेटौडा उपमहानगरपालिका १४ नम्बर वडा कार्यालयमा

एक चेपाङ परिवारको जन्मदर्तामा देखिएको कठिनाइका सम्बन्धमा समाचार संकलन गर्न वडा कार्यालय पुगेका पत्रकारद्वय अनित्य र मैनालीलाई प्रतिक्रिया लिन खोज्दा वडा अध्यक्ष दीपक खड्काले धम्कीपूर्ण भाषा प्रयोग गर्दै दुर्व्यवहार गरेको शाखाले जनाएको छ ।

**२०८१ वैशाख २५ गते**ः नेपाल पत्रकार महासंघ झापा शाखाका कार्यसमिति सदस्य एवं *नयाँ पत्रिका* दैनिकका सम्वाददाता चिरञ्जीवी घिमिरेलाई समाचारको विषयलाई लिएर रष्ट्रिय प्रजातन्त्र पार्टी निकट युवक संगठनका नेता निर्माण व्यवसायी विनोद थापाले गालीगलौजसहित धम्की दिएको छ । महासंघ कोशी प्रदेश समितिका अनुसार नयाँ *पत्रिका दैनिक*को अनलाइन संस्करणमा प्रकाशित 'जनप्रतिनिधिको सहयोगमा मावा नदीको अवैध दोहन, स्थानीयलाई ठेकेदारको धम्की' शीर्षक समाचारलाई लिएर निज निर्माण व्यवसायी थापाले पत्रकार घिमिरेलाई फोन गरी धम्कीपूर्ण भाषा प्रयोग गर्दै गालीगलौजसहित धम्क्याएको जनाइएको छ ।

## आक्रमण

**२०८२ वैशाख १४ गते**ः *प्राइम* टेलिभिजनकी पत्रकार सविना कार्की समाचार संकलनका क्रममा आन्दोलनरत शिक्षक र प्रहरीबीच काठमाडौंको नयाँबानेश्वरमा भएको झडपको समाचार संकलन गरिरहेको अवस्थामा प्रहरीले हानेको पानीको फोहोरा सिधै आँखामा लाग्दा घाइते भएकी छिन् । समाचार संकलनका क्रममा आन्दोलनरत शिक्षक र प्रहरीबीच काठमाडौंको नयाँबानेश्वरमा झडपको समाचार संकलन गरिरहेको अवस्थामा प्रहरीले हानेको पानीको फोहोरा सिधै आँखामा पर्दा कार्की घाइते भएकी हुन । घाइते पत्रकार कार्कीको सिभिल अस्पताल, ट्रमा सेन्टर हुँदै अहिले तिलगंगा आँखा अस्पतालमा उपचार भइरहेको छ ।

**२०८२ वैशाख २ गते**: समाचार संकलनका क्रममा वीरगञ्जमा प्रदर्शनकारी र प्रहरीको आक्रमणमा परी तीन जना पत्रकार घाइते भएका छन् । उक्त दिन साँझ प्रदर्शनको समाचार संकलनमा जुटिरहेको अवस्थामा महासंघ एसोसिएट प्रदेश समितिका सदस्यसमेत रहेका चन्द्रसूर्य वाणीका धीरेन्द्र तिवारी, *एभिन्यूज* टेलिभिजनका अर्जुन गुप्ता र मध्य *नेपाल सन्देश*का अनिल ओझामाथि ढुंगा र लाठी प्रहार भएको महासंघ पर्सा शाखाले जनाएको छ ।

**२०८१ चैत 20 गते**: सिरहामा क्रियाशील *सिमा पोष्ट* अनलाइनका सम्पादक मुकेश यादवलाई पहिचान नखुलेका व्यक्तिहरूले कुटपिट गरी घाइते बनाएकोमा छन् । महासंघ सिरहा शाखाका अनुसार बुधबार साँझ ७ बजेको समयमा घर जाँदै गर्दा पत्रकार यादवमाथि आक्रमण भएको थियो । आक्रमणबाट घाइते भएका पत्रकार यादवको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको शाखाले जनाएको छ ।

**२०८१ चैत १५ गते**: तीनकुनेस्थित राजावादीहरूको प्रदर्शनका क्रममा अराजक भीडले *अन्नपूर्ण दैनिक*को कार्यालयमा तोडफोट गर्नुका साथै *कान्तिपुर* टेलिभिजको कार्यालयमा ढुंगामुडा गरेका थिए । राजावादीहरूले चैत १५ गते तीनकुनेमा राखेका आमसभा बिथोलिंदा अराजक बनेको भीडले तीकुने क्षेत्रमा आतंक मच्चाउदै सञ्चारगृह लगायत व्यापारिक भवन तथा सार्वजनिक स्थामा तोडफोड गर्नुका साथै लुटपाट मच्चाएका थिए ।

**चैत १५ गते**: तिनकुनेस्थित राजावादीहरूको प्रदर्शनका क्रममा *अनलाइनखबर*का पत्रकार दिनेश गौतमको देब्रे खुट्टामा चोट लागेको छ । प्रदर्शनकारीहरूले सुरक्षाकर्मीहरूको बन्दुक खोसेको तस्वीर खिच्ने क्रममा प्रदर्शनकारीले हुलहुज्जत गरी धकेलेर लडाइदिएका

थिए । उपचारमा उनको देब्रे खुट्टाको खुट्टाको गोलीगाँठो फुटेको पाइएको थियो ।

**२०८१ चैत ७ गते**: समाचारको विषयलाई लिएर पत्रकार प्रकाश मिश्रलाई होटेल सञ्चालकद्वय डबलबहादर शाह र चेतबहादुर सिंहले आक्रमण गरेका छन् । महासंघ कैलाली शाखाका अनुसार धनगढीको *अनुमोदन* दैनिकमा चैत्र ४ गते सोमबार 'कैलालीको सिमली जंगलमा विदेशी नागरिकको रहस्यमय जमघट' शीर्षकमा पत्रकार मिश्रको बाइलाइन समाचार प्रकाशित भएको थियो । सोही समाचारको विषयमा घोडाघोडीस्थित ओजुवा क्याफेका सञ्चालक शाह र पहलमानपुरमा रहेको सिर्जना होटेलका सञ्चालक सिंहले पत्रकार मिश्रमाथि आक्रमण गरेको शाखाले जनाएको छ।

**२०८१ चैत ५ गते**: फोटो खिच्ने क्रममा *हिमाल खबर डटकम*मा कार्यरत फोटो पत्रकार अजय हाकुजूमाथि आक्रमण भएको छ । उक्त दिन दिउँसो ललितपुरस्थित पाटन संयुक्त क्याम्पस अगाडि सडकमा लाठी र रड बोकेका युवाहरूको फोटो खिँचिरहेको अवस्थामा पत्रकार हाकुजूलाई एक समूहले खिँचिएको फोटो मेटाउन लगाइ एक्कासी आक्रमणसमेत गरेका थिए ।

**२०८१ चैत ३ गते**: महोत्तरीस्थित *रेडियो नेपाल*का सम्वाददाता मन्जित रामलाई स्थानीय कुंज बिहारी यादवसहितले आक्रमण गरी घाइते बनाएको छ। महासंघ मधेश प्रदेश समितिका अनुसार उक्त दिन महोत्तरीको सोनमा गाउँपालिका–५ स्थित निवासमा रहेका पत्रकार रामलाई यादवसहित उनका परिवारजनले नियन्त्रणमा लिएर हातखुट्टा बाँधेर कुटपिट गरेका थिए ।

**२०८१ माघ २३ गते**: पत्रकार कुमार खड्कालाई स्थानीय व्यक्तिले

कुटपिट गरी घाइते बनाएका छन् । महासंघ पाँचथर शाखाका कार्यसमिति सदस्यसमेत रहेका घाइते खड्काको झापास्थित विएण्डसी अस्पतालमा भर्ना गरिएको थियो । महासंघ पाँचथर शाखाका अनुसार उक्त दिन पाँचथरस्थित कुम्मायक गाउँपालिका-१ यासोक बजारमा फोहोरमैला व्यवस्थापनका विषयमा भएको विवाद समाधानका लागि मध्यस्थता गर्ने क्रममा स्थानीय महेन्द्रबहादुर लावती र उनको छोरा चेतन लावतीले पत्रकार खड्कामाथि निर्घात कुटपिट गरेका थिए ।

**२०८१ माघ २८ गते**: नेपाल पत्रकार महासंघ बझाङ शाखाका अध्यक्ष ललितबहादुर सिंहमाथि सांघातिक आक्रमण भएको छ । पीडित पत्रकार सिंहका अनुसार यही माघ २८ गते सोमबार राति १० :०० बजेको समयमा जयपृथ्वी नगरपालिका-१० स्थित सदरमुकाम चैनपुरको देवीस्थान होटेलमा खाना खाएर कोठामा फर्कने क्रममा रहेका बेला आफूलाई मसस्टा गाउँपालिका-४ का विनोद कठायतलगायतका समूहले कुरा गर्नु छ भनी सोही होटेलको कोठामा बोलाएका चक्कुलगायत प्रहार गरी घाइते बनाएका थिए । आक्रमणबाट पत्रकार सिंहको निधारमा गहिरो चोट लागेको थियो ।

**२०८१ माघ २३ गते**: महोत्तरीका पत्रकार संतोष सिंहको सवारी साधन तोडफोड भएको छ । महोत्तरीको गौशाला नगरपालिका १२ स्थित आफ्नै घरको आँगनमा पार्किङ गरिराखेको सवारी साधनमा अज्ञात समूहले तोडफोड गर्दा गाडीको अगाडि भागको सिसामा पूर्ण रूपमा क्षति पुगेको पत्रकार सिंहले जानकारी गराएका छन् ।

- **२०८१ माघ २१ गते**: *पालिकासमय डटकम*का सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य कमलबहादुर बोहरामाथि अज्ञात व्यक्तिले आक्रमण गरेको छ । काठमाडौंको

बानेश्वरमा हिँडिरहेको अवस्थामा बोहरामाथि आक्रमण भएको थियो ।

- **२०८१ मङ्सिर १९ गते**ः सहकारी ठगीलगायतका आरोपमा रास्वपा सभापति रवि लामिछानेमाथि भइरहेको अनुसन्धान को विरोधमा उत्रिएका राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताले पत्रकारमाथि गरेको आक्रमण र दुर्व्यवहार गरेका छन् । बुधबार चितवनमा सभापति लामिछानेको अनुसन्धानको विरोधमा उत्रिएका राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताले नेपाल पत्रकार महासंघका सदस्य एवं *कपुरकोट* मिडियामा कार्यरत पत्रकार सन्तोष देउजालाई निर्घात कुटपिट गरेको महासंघ चितवन शाखाले जनाएको छ । सो क्रममा घटनाका बारे बुझ्न जाँदा महासंघ चितवनका उपाध्यक्ष प्रकाशमणि झवाली र नेपाल प्रेसकी संवाददाता प्रतिमा सिलवाललाई दुर्व्यवहार गरिएको थियो ।

- **२०८१ कात्तिक ८ गते**ः सुर्खेतबाट सञ्चालित *कर्णाली मिडिया* अनलाइनका कार्यकारी सम्पादक जगत सापकाटोमाथि अपरिचित व्यक्तिले सांघातिक आक्रमण गरी घाइते बनाएको छ । महासंघ सुर्खेत शाखाका अनुसार कात्तिक ६ गते मंगलबार सञ्चारकर्म सकेर सुर्खेतस्थित जुम्लारोडमा रहेको मोक्ष होटलमा कफी खाइरहेको अवस्थामा पत्रकार सापकोटामाथि बिनाकारण सांघातिक आक्रमण भएको थियो । आक्रमणबाट टाउकोमा चोट लागी उपचाररत रहेका सापकोटाको टाउकोमा ६ टाका लगाइएको शाखाले जनाएको छ ।

- **२०८१ कात्तिक ४ गते**ः राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई पक्राउ गरेको विरोधमा पोखरामा भइरहेको आन्दोलनको प्रत्यक्ष प्रसारण गरिरहेको अवस्थामा *प्राइम* टेलिभिजनका पत्रकार निरज तामाङ, अनिता घिमिरे र क्यामेरा पर्सन अर्जुन भण्डारीमाथि

हातपात गर्नुका साथै क्यामेरा तोडफोडको प्रयास गरेका थिए । आइतबार बिहान ११:३० बजेतिर पोखराको शहीद चोकमा अध्यक्ष लामिछाने पक्राउको विरोधमा राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताले निषेधाज्ञा तोड्दै जुलुस निकोलेका थिए । उक्त जुलुसको प्रत्यक्ष प्रसारण गरिरहेको अवस्थामा आन्दोलनरत कार्यकर्ताले हाम्रो पार्टीविरूद्ध समाचार प्रसारण गर्ने यही टेलिभिजन हो भन्दै प्रत्यक्ष प्रसारणमा संलग्न पत्रकारमाथि हातपात गर्नुका साथै क्यामेरा तोडफोडको प्रयास गरेका थिए ।

**२०८१ असोज २३ गते**: समाचार संकलनका क्रममा उदयपुरबाट प्रकाशित *पूर्णपुष्टि* साप्ताहिक र पूर्णपुष्टि डटकम तथा *एभिन्यूज* टेलिभिजनमा कार्यरत पत्रकारद्वय विक्रम राई र सुनिल राईमाथि भएको आक्रमण र तोडफोडको भएको छ । महासंघ उदयपुर शाखाका अनुसार असोज २३ गते बुधबार उदपुरस्थित कोष तथा लेखा नियन्त्रण कार्यालयको चमेनागृहमा रहेको रौता स्प्रिङ वाटर प्रा.लि.बाट उत्पादित खानेपानीको शिलप्याक जारभित्र कुखुराको प्वाँखलगायत अखाद्य सामग्री भेटिएको थियो । सोही विषयमा समाचार संकलनका लागि उदयपुरको त्रियुगा नगरपालिका-३ मोतिगडामा रहेको पानी उत्पादक कम्पनीमा पुगेर भिडियो खिच्ने क्रममा पत्रकारद्वयमाथि सञ्चालक पर्शुराम चौधरी र उनका परिवारजनले आक्रमण गरी पत्रकारको क्यामेरा तोडफोड र मोबाइल नियन्त्रणमा लिएको शाखाले जनाएको छ ।

- **२०८१ असोज ४ गते**: नेपाल पत्रकार महासंघ काठमाडौं शाखा सदस्य तथा *मेगा* टेलिभिजन संवाददाता तथा *नेशनल न्यूज*का सम्पादक भरत लामिछानेमाथि अपरिचित व्यक्तिले आक्रमण गरेका छन् । पत्रकार लामिछानेलाई कार्यालय जानेक्रममा असोज ४ गते बिहान नयाँ बानेश्वरस्थित होटल एभरेष्ट नैजिकै आफूमाथि केही व्यक्तिले आक्रमण गरेको शाखाले जनाएको छ ।

**२०८१ साउन १३ गते**: समाचार संकलनका क्रममा पोखरामा पत्रकारद्वय बिना थापा र सुरज थापामाथि सार्वजनिक यातायातका चालकहरूले कुटपिट गर्दै पत्रकारको स्कुटरसमेत तोडफोड गरेका छन् । महासंघ कास्की शाखाका अनुसार पोखराको पृथ्वीचोकमा राइड शेयरिङविरूद्ध सार्वजनिक सवारीका चालक र सहचालकले थालेको आन्दोलनको समाचार संकलनका क्रममा रहेका पत्रकारद्वय माथि आन्दोलनरत चालकहरूले दुर्व्यवहार र कुटपिट गर्नुका साथै पत्रकारको ग २० प ३९७३ नम्बरको स्कुटरसमेत तोडफोड गरेका थिए ।

**२०८१ साउन २० गते**: *हिमालय* टेलिभिजन प्रतिष्ठानका कार्यरत पत्रकार प्रिन्स मिश्रलाई प्रश्न सोधेको निहुँमा केही अराजक समूहले कुटपिट गरी घाइते बनाएका छन् । पशुपतिमा सञ्चालित कोटिहोममा वाचिका देवी प्रतिभालाई प्रश्न गरेको बहानामा पत्रकार मिश्रमाथि निर्घात कुटपिट गरिएको शाखाले जनाएको छ ।

**साउन ३२ गते**: पशुपतिनाथमा आयोजित कोटिहोमको अन्तिम दिन रिपोर्टिङका लागि पुगेका *नेपाल भ्युज डटकम*मा कार्यरत पत्रकार श्यामसुन्दर पुडासैनीमाथि कोटिहोमका आयोजकले कुटपिट गर्नुका साथै भएको धनमाल लुटपाट गरेका छन् । शुक्रबार मध्यरातमा पशुपतिनाथस्थित वनकालीमा पुडासैनीलाई कोटिहोमको विरोधमा समाचार लेखेको भन्दै जबर्जस्ती मञ्चमा लगेर अपमानजनक ढङ्गले माला लगाई दुर्व्यवहार गरिएको थियो । त्यसपछि पनि लखेट्दै कुटपिट गर्दै आफ्नो साथमा रहेका सरसामान समेत लुटपाट गरिएको पुडासैनीले बताएका छन् ।

## कब्जा/ अवरोध

**२०८२ वैशाख ८ गते**: अन्नपूर्ण मिडिया नेटवर्क (*एपीवान* टिभी) मा कार्यरत पत्रकार राधेश्याम विश्वकर्मालाई एक समूहले दुर्व्यवहार गर्दै

खिचिएको भिडियो र फोटो मेटाइदिएको छ। मायादेवी गाउँपालिका ६ मकरीमा मन्त्री सहभागी हुने कार्यक्रमको समाचार संकलनका क्रममा भैरहवा–मर्चवार सडकमा सामान ल्याउदै गरेको फोटो खिचेपछि पत्रकार विश्वकर्मालाई आफूलाई दिपेश यादव बताउनेसहितको समूहले दुर्व्यवहार गरेको महासंघ रूपन्देही शाखाले जनाएको छ ।

**मिति २०८२ वैशाख ६ गते**ः महासंघका केन्द्रीय सचिव अशोक तिवारी सञ्चालक रहेका *ए न्यूज* मा साँझ ६ बजे प्रसारणको तयारीमा रहेको सामग्री पुनर्विचार गर्न भन्दै स्थानीय प्रशासनले अनाधिकृत तबरबाट दबाब दिएको महासंघ पर्सा शाखाले जनाएको छ। चैत ३० मा हिन्दू र मुसलमान समुदायबीच भएको साम्प्रादायिक घटनापछि वीरगंज उपमामा कर्फ्यू लगाउनका साथै केही दिन निषेधाज्ञा समेत जारी भएको थियो ।

**२०८१ चैत २७ गते**ः समाचार संकलनका क्रममा पत्रकार शेरबहादुर थापालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट खटिएका प्रहरी नायव उपरीक्षक (डीएसपी) दीपक मल्लले दुर्व्यवहार गरी खिचिएको फोटो र भिडियोसमेत मेटाइदिएका छन्। सुर्खेत उपत्यका नगर विकास समितिको कार्यालयमा आयोगले छापा मार्ने क्रममा डीएसपी मल्लले समाचार संकलनका लागि त्यहाँ पुगेका महासंघका सदस्य पत्रकार थापाको मोबाइल नियन्त्रणमा लिई खिचिएको फोटो र भिडियो मेटाइ दिएको र धम्कीपूर्ण भाषा प्रयोग गरी दुर्व्यवहार गरेको महासंघ सुर्खेत शाखाले जनाएको छ ।

**२०८१ चैत ११ गते** प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको उपसमितिमा छलफल भइरहेको संघीय निजामती विधेयक सम्बन्धी समाचार संकलनमा रोक लगाइएको छ । संसदीय समितिमा हुने विधेयकको दफावार छलफलमा समितिका सबै सदस्यहरूले भाग लिने,

आवश्यकताअनुसार संशोधनकर्ता सांसद्हरूलाई राख्ने र यस्तोमा सञ्चारकर्मीको समेत पहुँच रहने अभ्यासविपरीत सञ्चारमाध्यमलाई समचार संकलनमा रोक लगाइएको थियो ।

**२०८१ फागुन २० गते**: संघीय संसद् सचिवालयले पत्रकार किशोर श्रेष्ठ र प्रकाश ओलीको संसदीय मामिला रिपोर्टिङ पास निलम्बन गरेको छ । फागुन ४ गते प्रतिनिधिसभा बैठकपछि बाहिरिँदै गर्दा प्रधानमन्त्रीलाई प्रश्न गर्दा पत्रकार आचारसंहिता विपरित कार्य गरेको भन्दै संघीय संसद सचिवालयले पत्रकारद्वयको पास एक महिनाका लागि निलम्बन गरेको सूचना मार्फत सार्वजनिक भएको थियो ।

**२०८१ पुस १६ गते**: *सिमाना न्यूज डटकम*लाई न्यूज पोर्टल/च्यानलबाट समाचार हटाउन जिल्ला प्रशासन कार्यालय डडेलधुराबाट पत्राचार गरिएको छ । महासंघ डडेलधुरा शाखाका अनुसार पुस १६ गते मंगलबार उक्त अनलाइनमा प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपानेको विषयमा समाचार प्रकाशित भएको थियो । सोही समाचारलाई लिएर प्रमुख जिल्ला अधिकारी न्यौपानेले कार्यालयकै लेटरहेड प्रयोग गरी न्यूज पोर्टल/च्यानलबाट समाचार हटाउन पत्राचार गर्नुका साथै पत्रकारलाई धरपकड गर्ने मौखिक धम्कीसमेत दिएका छन् ।

**२०८१ कात्तिक ६ गते**: *राष्ट्रिय समाचार समिति* र *कखरा* अनलाइनमा कार्यरत पत्रकार बलेन्द्र ओलीलाई कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल सहभागी भएको कार्यक्रमको स माचार संकलनमा अवरोध गरिएको छ । कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रूकुम पश्चिमको सभाहलमा आयोजना गरेको कार्यक्रममा प्रदेश मुख्यमन्त्री कँडेलले समाचार संकलनका लागि पुगेका पत्रकार ओलीलाई भिडियो नखिच्नु, बाहिर निस्कनु भन्दै दुर्व्यवहार गरेको महासंघ रूकुम शाखाले जनाएको छ ।

**२०८१ साउन ९ गते**: निर्वाचन आयोगको आयुक्तमा सिफारिस कृष्णमान प्रधानको संसदीय सुनुवाइका क्रममा सञ्चार माध्यमलाई निषेध गरिएको छ। संसदीय सुनुवाइको अभ्यासका क्रममा बुधबार संवैधानिक आयोगमा प्रस्तावित पदाधिकारीको सुनुवाइका क्रममा संसद्का महासचिव पद्मप्रसाद पाण्डेय र जिम्मेवार दलका पदाधिकारी समेतको सक्रियतामा सञ्चार माध्यमलाई निषेध गरिएको थियो ।

**२०८१ जेठ १४ गते**: नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा समाजवादी प्रेस संगठन, प्रेस चौतारी नेपाल, प्रगतिशिल पत्रकार संघ नेपाल, प्रेस मंच नेपाल, स्वतन्त्र पत्रकार संघ लगायतले तालाबन्दी गरेका थिए। नेपाल पत्रकार महासंघ केन्द्रीय समितिसँगको वार्तापछि जेठ २० गते तालाबन्दी खुलेको थियो ।

## हत्या

**२०८१ चैत १५ गते**: राजसंस्थाको पुनर्स्थापनाको माग राख्दै गरिएको आन्दोलनमा *एभिन्युज* टेलिभिजनका पत्रकार सुरेश रजकको जलेर मृत्यु भएको छ । काठमाडौंको तीनकुनेमा भएको आन्दोलनको भिडियो खिचिरहदाँ अराजक समूहले उनि रहेका घरमा आगो लगाउदा घरको माथिल्ले तल्लाबाट भिडियो खिचिरहेका रजकको जलेर मृत्यु भएको हो ।

**२०८१ कात्तिक २६ गते**: राष्ट्रिय दलित पत्रकार संघ, कैलालीका सहसचिव तथा *सुदूरपाटी डटकम*मा कार्यरत पत्रकार सुरेश भुलको निर्मम कुटपिटबाट हत्या भएको छ । कैलालीको गौरीगंगा नगरपालिका ११ कान्तिपुर टोल बस्ने भुललाई २०८१ कात्तिक २५ गते साँझ ५ बजेतिर सामान्य विषयमा विवादमा हुँदा सोही ठाउँको एक समूहले निर्मम कुटपिट गरेका थिए। कुटपिटबाट गम्भीर घाइते

सुरेशको धनगढीस्थित निसर्ग अस्पतालमा उपचारको क्रममा २६ गते बिहान मृत्यु भएको थियो ।

## गिरफ्तार

**२०८१ कात्तिक ४ गते**: नेपाल पत्रकार महासंघ सिरहा शाखाका सदस्य तथा *दस्तक खबर*का सञ्चालक विजय साहलाई समाचारको विषयलाई लिएर प्रहरीले पत्रिकाको कार्यालयबाट पक्राउ गरेको छ । महासंघ मधेश प्रदेश समितिकाअनुसार बडा दशैंको अवसरमा लहानको प्रसिद्ध दुर्गा मन्दिरमा आयोजित मनोरञ्जनात्मक कार्यक्रममा प्रस्तुत गरिएको अश्लील नृत्य र उच्छृंखल कार्यको विषयमा प्रकाशित सामग्रीलाई लिएर इलाका प्रहरी कार्यालय सिरहाका प्रमुख विष्णुप्रसाद सोतीको नेतृत्वमा आएको प्रहरी टोलीले पत्रकार साहलाई पत्रिकाको कार्यालयबाटै प्रक्राउ गरेको थियो ।

**२०८१ जेठ ८ गते**: कान्तिपुर पब्लिकेसन्स लिमिटेडका अध्यक्ष कैलाश सिरोहियालाई नागरिकता छानबिनका लागि जिल्ला अदालत धनुषाबाट पक्राउ पुर्जी जारी भएपछि अनुसन्धानका लागि प्रहरीले थापाथलीस्थित *कान्तिपुर* पत्रिकाको कार्यालयबाट पक्राउ गरी धनुषा प्रहरी कार्यालयलाई बुझाएको छ । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि विभिन्न आरोपका सन्दर्भमा निरन्तर समाचार फलोअप गर्दै समचार प्रकाशन गरेको भन्दै प्रतिशोधका आधारमा आफूलाई पक्राउ गरिएको अध्यक्ष सिरोहियाले आरोप लगाएका छन् ।

## पेशागत असुरक्षा

- नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारको श्रम समस्याका सम्बन्धमा उजुरीलाई अध्ययन गरी सम्बन्धित सञ्चारगृहमा पत्राचार, छलफल, दवावमुलक कार्यक्रमार्फत हल गर्ने गरेको छ । लामो

समयसम्म हल नभएका श्रम सम्बन्धी समस्य समाधान गर्न महासंघले पीडित पत्रकारलाई श्रम अदालतमा जनका लागि निशुल्क कानूनी सहायता समेत उपलब्ध गराउदै आएको छ ।

- २०८१ वैशाख देखी देखि २०८२ वैशाख १ सम्म नेपाल पत्रकार महासंघमा दर्ता भएका श्रमजीवी पत्रकारको पेशागत असुरक्षा (रोजगारी बिमुख गराउने, सेवा सुविधाबाट बञ्चित, कामबाट बञ्चित) सम्बन्धी उजुरी मध्ये समाधानका हुन बाँकी उजुरी विवरण ।

- नेपाल लाइभ पब्लिकेशन प्रालि अन्तरगतको nepallive.com मा कार्यरत  (१ महिला, ५ जना पुरूष) पत्रकारले पारिश्रमिक नपाएको भन्दै सहजीकरण गरिदिन २०८१ साउन १५ मा महासंघमा उजुरी प्राप्त भएको ।

- *एबीसी* टीभिमा कार्यरत पत्रकारले पारिश्रमिक नपाएको भनी सहजीकरणका लागि २०८१ साउन ३१ गते महासंघमा उजुरी दर्ता । पीडित - १ महिला ।

- कान्तिपुर मिडिया ग्रुपले लामोसमयदेखि श्रमजीवी ऐन कार्यान्वयन नभएको भन्दै नियमित सेवा सुविधा नपाएको भनी सहजीकरणका लागि २०८१ साउन १७ गत महासंघमा उजुरी प्राप्त । पीडित - १ महिला ।

- कान्तिपुर पब्लिकेसन्श प्रालिद्वारा सञ्चालित *दि काठमाण्डु पोष्ट* दैनिकमा कार्यरत पत्रकारले श्रमजीवी पत्रकार ऐन अनुसार सेवा सुविधा नपाएको भन्दै सहजीकरणका लागि महासंघमा २०८१ साउन १८ मा उजुरी दर्ता । पीडित - १ पुरूष ।

- अन्नपुर्ण मिडिया नेटवर्कमा ९ वर्ष काम गर्दा सञ्चित विदा, विरामी

विदा लागयत कुनैपनि सुविधा नपाएका कारण सहजीकरणका लागि २०८१ साउन १३ मा महासंघमा उजुरी दर्ता । पीडित - १ महिला ।

- *नेपाल समय डटकम*मा २०७५ देखि कार्यरत रहेको र २०८० फागुन १ गतेदेखि मौखिक रूपमा काममा नआउनु भन्दै हटाइएको र बाँकी रहेको महिनाको सेवा सुविधा नपाएको भनि सहजीकरणका लागि २०८१ जेठ १ गते महासंघमा उजुरी दर्ता । पीडित - १ पुरूष ।

- *नेपाल नेटवर्क* टेलिभिजनमा क्यामरा पर्सनका रूपमा कार्यरत रहँदा २०८० साउन देखि २०८१ वैशाखसम्मको पारिश्रमिक नपाएको भनी महासंघमा २०८१ वैशाख ३१ मा उजुरी दर्ता । पीडित - ३ पुरूष ।

- *युथ संसारडटक*मा कार्यरत ३ जना पत्रकारले तोकिएको पारिश्रमि नपाएको र राजीनामा समेत स्वीकृत नगरि अन्यत्र जान समेत मार्ग नखोलेको भन्दै २०८१ वैशाख २८ गते महासंघमा उजुरी दर्ता । पीडित - २ महिला, १ पुरूष ।

- *कान्तिपुर दैनिक*मा कार्यरत पत्रकार रही फ्लोर कोअर्डिनेटरको जिम्मेवारीमा रहँदा पब्लिकेशनले नियमित सेवा सुविधा उपलब्ध नगराएको साथै श्रम ऐन अनुसारको व्यवहार नभएको भन्दै सहजीकरणका लागि २०८१ साउन १७ मा महासंघमा उजुरी दर्ता । पीडित - १ महिला ।

- नेपाल पत्रकार महासंघ एभिन्यूज खबर प्रतिष्ठान शाखाले त्यस प्रतिष्ठानका कार्यरत श्रमजीवी पत्रकार तथा कर्मचारीको सेवा सुविधा पटक पटक ताकेता गर्दा समेत प्राप्त नभएको भनी महासंघलाई सवन्वयका लागि २०८१ चैत १० उजुरी दर्ता गरेको छ । पीडित - १० जना महिला र ३३ जना पुरूष ।

- बेवटिभी नेपाल प्राइभेट लिमिटेडद्वारा सञ्चालित www.webtvkhabar.com मा २०७८ माघ देखि निरन्तर कार्यरत रहेपनि २३ महिनाको सेवा सुविधा प्राप्त नभएको भन्दै २०८१ चैत २९ गते महासंघमा उजुरी दर्ता । पीडित - १ पुरूष ।

- जनता टेलिभिजनका कार्यरत रहदा पारिश्रमिक नपाएको र उक्त संस्था छोडेको धेरै भएपनि पटकपटक ताकेता गर्दा पनि पाउनुपर्ने बाँकी पारिश्रमिक नपाएको भन्दै २०८१ फागुन २३ मा महासंघमा उजुरी दर्ता । पीडित - १ महिला ।

- एभिन्यूज टेलिभिनमा कार्यरत रहदा नियमित पारिश्रमि बारेमा व्यवस्थापनसँग कुरा राख्दा व्यवस्थापनले दुर्व्यवहार गर्दै सेवाबाट निकालिएको भन्दै काम गर्ने वातावरण मिलाउन र दोषिमाथि कारबाहीका लागि २०८१ फागुन ५ गते महासंघमा उजुरी दर्ता ।

- *कान्तिपुर* टेलिभिजनका विगत १६ वर्षदेखि निरन्तर सेवारत रहँदा संस्थाले श्रम ऐन तथा श्रमजीवी पत्रकार ऐनले तोकेबमोजिम सेवा सुविधा उपलाब्ध नगराएको र पटक पटक संस्थालाई लिखित तथा मौखिक जानकारी गराउँदा समेत सुनुवाइ नभएको भन्दै महासंघमा २०८१ माघ २२ मा उजुरी दर्ता । पीडित - १ पुरूष ।

- राससमा विगत २० वर्षदेखि कार्यरत अस्थायी, करार र ज्यालादारीका पत्रकार निकालिएको र आन्दोलन पछि २०७९ मंसिर १४ गते भएको सहमति अनुसार व्यवहार नभएको भन्दै त्यहाँ कार्यरत ३ महिला र ६ पुरूष गरी ९ जना पत्रकारहरूले पत्रकार महासंघमा २०८१ माघ १८ गते निवेदन दर्ता गरेको ।

- *इमेज च्यानल*मा २०५९ सालदेखि क्यामरा पर्सनका रूपमा कार्यरत

साथै कोभिड–१९ को समयमा २०७६ साल चैत ११ गतेबाट मौखिक जानकारी मार्फत काममा नआउन भनिएको र २०७८ साल चैत १ गतेबाट काममा बोलाएर फेरि नआउन भनिएकाले आफूले पाउनुपर्ने पारिश्रमिक तथा श्रम ऐन अनुसार सेवा सुविधाका लागि २०८१ पुस २४ गते महासंघमा उजुरी दर्ता । पीडित –१ पुरूष ।

*(पीडित पत्रकारको न्यायमा पुहुँचका लागि उजुरीकर्ताको नाम गोप्य राखिएको छ ।)*

**नेपाल पत्रकार महासंघ**

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

फोन नं: ९७७-०१– ५९१४७८५

इमेलः fnjnepalcentral@gmail.com